मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

माननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः २०८२।१२।२६

# प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड २०८२

प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
मधेश प्रदेश,
जनकपुरधाम, नेपाल

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. रानी कुमारी तिवारी
मन्त्री

# प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० बमोजिम शिक्षामा समता, समावेशीकरण एवम् विविधता व्यवस्थापनका विषयलाई प्रभावकारी बनाउन मधेश प्रदेशका बालिका, अपाङ्गता एवम् सीमान्तकृत बालबालिकाहरुको शिक्षामा पहुँच तथा सहभागिता, सिकाइ उपलब्धि सुनिश्चित्ता गर्नका लागि पैरवी समन्वय अनुगमन र प्राविधिक सहयोग गर्न प्रदेश बालिका तथा समावेशि शिक्षा सञ्चाल रहन सक्ने व्यवस्था गरे बमोजिम सो सञ्जाल गठन तथा सञ्चालन सम्बन्धमा आवश्यक मापदण्ड बनाइ कार्य गर्न बाञ्छनीय भएकोले, मधेश प्रदेश विनियोजन ऐन, २०८२ दफा ११ ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा संस्कृति मन्त्रालयले यो मापदण्ड जारी गरेको छ।

## परिच्छेद(१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस मापदण्डको नाम **"प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड २०८२"** रहेको छ।

(२) यो मापदण्ड शिक्षा तथा संस्कृति मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) **"प्रदेश"** भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(ख) **"मन्त्रालय"** भन्नाले मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय सम्झनु पर्छ।

(ग) **"मापदण्ड"** भन्नाले प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड २०८२ सम्झनु पर्छ।

(घ) **"लक्षित व्यक्ति"** भन्नाले विद्यालयमा भर्ना, निरन्तरता एवम् सिकाइ प्रक्रियाका लागि थप सहयोग पुर्याउनुपर्ने भनी विद्यालय वा स्थानीय तहले पहिचान गरेका गरीबी, विपन्नता, सचेतनाको कमी, जातीय तथा लैङ्गिक विभेद अभिभावक विहिनता, अपाङ्गता, घरेलु कामदार, टुहुरा लैङ्गिक अल्पसङ्ख्यक, विद्यालय टाढा भएको आदि विविध कारणले विद्यालयमा आउन नसकेका बालबालिका सम्झनु पर्छ ।

(ङ) **"सीमान्तकृत समुदायका बालबालिका"** भन्नाले प्रचलित कानुनबमोजिम सीमान्तीकृत समुदाय अन्तर्गतका विद्यालय शिक्षाको पहुँचबाहिर रहेका बालबालिका सम्झनु पर्छ र सो शब्दले विभिन्न कारणबाट शिक्षामा निरन्तरता दिन असमर्थ भएका बालबालिकालाई समेत जनाउँछ।

प्रदेश सचिव

(च) **"संस्था"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानुनबमोजिम दर्ता भई शिक्षाका क्षेत्रमा क्रियाशील संस्था सम्झनु पर्छ।

(छ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठित गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।

(ज) **"निर्देशनालय"** भन्नाले शिक्षा विकास निर्देशनालय मधेश प्रदेशलाई सम्झनु पर्छ ।

(झ) **"सञ्जाल"** भन्नाले यस मापदण्डको दफा ५ बमोजिम गठन भएको प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाललाई सम्झनु पर्छ र सो शब्दले दफा ६क बमोजिमको स्थानीय बालिका तथा समावेशी शिक्षा साञ्जाललाई समेत जनाउँछ ।

(ञ) **"केन्द्र"** भन्नाले संघीय, शिक्षा तथा मनाव स्रोत विकास केन्द्रन्ने सम्झनु पर्छ ।

(ट) **"इकाई"** भन्नाले संघीय, जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य तथा सिद्धान्त

**३. मापदण्डको उद्देश्यः**

(१) प्रदेशमा बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र प्रभावकारी परिचालन मार्फत बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुधारमा टेवा पुऱ्याइ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कानुनको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु यस मापदण्डको मूल उद्देश्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको मूल उद्देश्य प्रासिका लागि यस मापदण्डको अन्य उद्देश्य देहायबमोजिम रहेका छनः

(क) प्रदेश तथा स्थानीय तह र विद्यालयमा सञ्जालको गठन तथा सहजिकरण गर्नु,

(ख) लक्षित व्यक्तिको सहयोगको क्षेत्र र आवश्यकता पहिचान गर्नु,

(ग) बालिका, सीमान्तकृत समुदाय, अपाङ्गता भएका बालबालिका र लक्षित व्यक्तिको आवश्यकता पहिचान, सम्बोधन, सहकार्य र सहजीकरण गर्नु,

(घ) मन्त्रालय तथा सरोकारवाला संस्थाहरुको स्रोत पहिचान र परिचालन गर्नु ।

**४. सिद्धान्तः** सञ्जालको गठन तथा परिचालनका सिद्धान्त देहायबमोजिम हुनेछनः

(क) शिक्षामा समता र समानताको प्रवर्धन तथा मानवीय गरिमाको रक्षा गर्नु,

(ख) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको समावेशिता, वैयक्तिक सिकाइ आवश्यकता र विविधताको सम्मान गर्नु,

मा. रानी कुमारी तिवारी
मन्त्री

(ग) कठिनाइ तथा जोखिममा रहेका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीमा उचित अनुकूलन गर्नु

## परिच्छेद ३

## सञ्जाल गठन तथा परिचालन सम्बन्धी व्यवस्था

**५. सञ्जालको गठनः** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा सुनिश्चितता गर्न पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि पैरवी, समन्वय, अनुगमन तथा प्राविधिक सहयोगका लागि प्रदेशमा एक **"प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल"** रहने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रदेश सञ्जालको गठन देहायबमोजिमको हुनेछः

| | |
|---|---|
| (क) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | संयोजक |
| (ख) निर्देशक, शिक्षा विकास निर्देशनालय | सदस्य |
| (ग) प्रमुख, प्रदेश शिक्षा तालिम केन्द्र | सदस्य |
| (घ) महाशाखा प्रमुख, सामाजिक विकास, महिला तथा बालबालिका हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) सदस्य सचिव, महिला बालबालिका तथा सामाजिक न्यायिक समिति | सदस्य |
| (च) प्रदेश अध्यक्ष, नेपाल शिक्षक महासंघ | सदस्य |
| (छ) निजी तथा आवासीय विद्यालय सङ्गठनको प्रदेश अध्यक्षहरु मध्येबाट मन्त्रालयले तोकेको एकजना | सदस्य |
| (ज) प्रमुख वा प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय | सदस्य |
| (झ) अपाङ्गता महासंघको प्रदेश अध्यक्ष र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक संस्थाको अध्यक्ष गरी दुई जना | सदस्य |
| (ञ) प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ट) गाउँपालिका महासंघ र नगरपालिका महासंघबाट एक-एक जना गरी दुई जना | सदस्य |
| (ढ) लैङ्गिक सम्पर्क व्यक्ति, शिक्षा तथा संस्कृति मन्त्रालय | सदस्य |
| (ड) प्रदेश अध्यक्ष, अभिभावक महासंघ | सदस्य |
| (ढ) प्रदेश अध्यक्ष, विद्यालय व्यवस्थापन समिति महासंघ | सदस्य |
| (ण) गैरसरकारी संस्था प्रतिनिधि मध्ये सञ्जालले मनोनयन गरेका कम्तिमा एकजना महिला सहित तीनजना | सदस्य |
| (त) शिक्षा तथा संस्कृति मन्त्रालयको शिक्षा, विज्ञान तथा प्रविधि महाशाखा प्रमुख | सदस्य सचिव |

(३) प्रदेश सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) प्रदेश सञ्जालको बैठकमा आवश्यकताअनुसार अन्य सरोकारवाला र शिक्षा, अपाङ्गता तथा सीमान्तकृतको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, विकास साझेदार संस्था तथा निकाय र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

नि. प्रदेश सचिव

(५) सञ्जालमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(६) मन्त्रालयले तोकेको शाखाले सञ्जालको सचिवालयको रूपमा कार्य गर्नेछ।

**६. सञ्जालको काम, कर्तव्य र अधिकारः** दफा ५ बमोजिम गठित सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछः

(क) प्रदेश तहमा तर्जुमा गरिने बालिका तथा समावेशी शिक्षासम्बन्धी नीति निर्माण तथा संशोधनका लागि सुझाव दिने,

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन विषयमा पैरवी र सहजीकरण गर्ने,

(ग) सञ्जालको वार्षिक कार्यनीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) प्रदेशअन्तर्गत स्थानीय तहमा सञ्जाल गठन गर्न तथा क्रियाशील बनाउन सहजीकरण गर्ने,

(ङ) स्थानीयस्तरमा सञ्जाल गठन गरी प्रभावकारी कार्य गर्ने स्थानीय तह पहिचान गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने,

(च) स्थानीय तहमा रहेको सञ्जाल तथा विद्यालय तहमा रहेको सञ्जाल तथा गुनासो सुनुवाइ संयन्त्रको अनुगमन गरी आवश्यक सहजीकरण गर्ने,

(छ) बालिका तथा समावेशी शिक्षा, लैङ्गिक हिंसा, भेदभाव विरुद्ध तथा समता सम्बन्धी कार्यका लागि आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने,

(ज) बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने,

(झ) सञ्जालले पहिचान गरेका बालिका तथा समावेशी शिक्षा सम्बन्धी उपयुक्त विषयमा कार्य गर्ने।

(ञ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको अवस्था अनुगमन गर्ने र सुधारका लागि सम्वन्धित निकायहरुलाई पृष्ठपोषण दिने ।

(ट) सञ्जाल सदस्यहरुको क्षमता वृद्धिका कार्यहरु गर्ने ।

(ठ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको क्षेत्रमा भएका राम्रा कार्यहरुको अभिलेखीकरण गरि प्रर्वद्दन गर्ने ।

(ड) सञ्जाल सदस्यहरु तथा सरोवारवालाहरु बीच बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाका बारेका अन्तरक्रिया, छलफल, विचार विमर्श गर्ने।

(ढ) अध्ययन, अनुशन्धान तथा अवस्था चित्र आदि तयार गर्ने तथा प्रकाशन गर्ने।

(ण) बाल सञ्जालको अवस्था अनुगमन तथा क्षमता विकासमा सहयोग गर्ने ।

रानी कुमारी तिवारी
मन्त्री

नि. प्रदेश सचिव

(त) अभिभावक सचेतना र बालबालिकाको स्वास्थ तथा मनोसामाजिक परामर्श गर्ने

(थ) अनुगमन अभिलेखिकरण र प्रतिवेदन पेश गर्ने

(द) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षा पुरा गर्न आवश्यक कार्य गर्ने ।

(ध) केन्द्रमा रहेको सञ्जाल र स्थानिय तहका रहेको सञ्जाल बीच आवश्यक समन्वय, सहकार्य गर्ने ।

(न) बालविबाह, दाइजो प्रथा, सामाजिक कुरीती न्यूनिकरण कार्यहरु गर्ने ।

(भ) विद्यालयमा हुने लैगिंक हिंसा, दण्डसजाय, भेदवाव न्यूनिकरणको लागि कार्य गर्ने । सञ्जालको कार्य संचालनको लागि आवश्यक अन्य व्यवस्था मिलाउने ।

**६(क). स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जालः** (१) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको शिक्षाको सुनिश्चिततामा पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधारका लागि योजना तर्जुमा तथा कार्यान्वयन सहजीकरणका लागि स्थानीय तहमा स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जाल रहन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्जाल सामान्यतया देहाय बमोजिम हुने गरी गठन गर्न सकिनेछः-

| | |
|---|---|
| (क) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | संयोजक |
| (ख) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) स्थानीय तहको महिला तथा बालबालिका शाखा/महाशाखा प्रमुख | सदस्य |
| (घ) स्थानीय तहको स्वास्थ्य शाखा/महाशाखा प्रमुख | सदस्य |
| (ङ) संयोजकबाट मनोनीत स्थानीय बाल क्लबका तर्फबाट एक जना बालिकासमेत दुई जना | सदस्य |
| (च) वडाध्यक्षमध्येबाट स्थानीय तहको प्रमुखले तोकेको एक जना | सदस्य |
| (छ) स्थानीय तहभित्रका अपाङ्गता भएको बालबालिकाको अभिभावकमध्येबाट संयोजकबाट मनोनीत महिला अभिभावक एक जना | सदस्य |
| (ज) बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्थामध्येबाट स्थानीय तहबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना | सदस्य |
| (झ) स्थानीय तहभित्रका अपाङ्गता भएका बालबालिकामध्येबाट एक बालक र एक बालिका गरी संयोजकले तोकेको दुई जना | सदस्य |
| (ञ) स्थानीय सञ्जालबाट मनोनीत कम्तीमा एक जना महिलासहित दुई जना सञ्चारकर्मी | सदस्य |
| (ट) स्थानीय तहभित्रका सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमध्येबाट संयोजकबाट मनोनीत एक जना | सदस्य |
| (ठ) स्थानीय तहभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येबाट सञ्जालबाट मनोनीत प्रधानाध्यापक एक जना | सदस्य |
| (ड) स्थानीय तहभित्रका विशेष विद्यालय वा स्रोत कक्षा सञ्चालन भएका विद्यालयको प्रधानाध्यापकमध्ये संयोजकले मनोनीत गरेको एक जना | सदस्य |
| (ढ) स्थानीय तहभित्रका सामुदायिक विद्यालयको शिक्षक अभिभावक सङ्घको अध्यक्ष मध्येबाट सञ्जालको संयोजकबाट मनोनीत एक जना | सदस्य |
| (ण) स्थानीय तह कार्यक्षेत्र भएको नेपाल प्रहरीको कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी | सदस्य |

(त) स्थानीय तहभित्रका विद्यालयका शिक्षकमध्येबाट संयोजकबाट मनोनीत एक जना — सदस्य

(थ) स्थानीय तहभित्रका माध्यमिक विद्यालयमध्येबाट गुनासो सुनुवाइ संयन्त्रमा भएको विद्यार्थीमध्ये संयोजकले तोकेको छात्रा एकजना — सदस्य

(द) स्थानीय कार्यपालिकाका दलित वा महिला सदस्यमध्येबाट स्थानीय तहको प्रमुखले तोकेको दुई जना — सदस्य

(ध) शिक्षा महाशाखा वा शाखा प्रमुख, स्थानीय तह — सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन हुने स्थानीय बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्थानीय तहबाट स्थानीय तहको आवश्यकता बमोजिम परिमार्जन, थपघट तथा अन्य व्यवस्थापन हुन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको स्थानीय सञ्जालको संरक्षकको रुपमा स्थानीय तहको अध्यक्ष वा प्रमुख रहनेछ ।

(५) स्थानीय सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) स्थानीय सञ्जालको बैठकमा आवश्यकताअनुसार स्थानीय तहभित्र स्रोत कक्षा सञ्चालन भएका विद्यालयका स्रोत शिक्षक, सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(७) स्थानीय सञ्जालमा मनोनीत वा तोकिएका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(८) स्थानीय सञ्जालको बैठकसम्बन्धी कार्यविधि सञ्जाल आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(९) स्थानीय तहको शिक्षा महाशाखा वा शाखाले स्थानीय सञ्जालको सचिवालयको रुपमा कार्य गर्नेछ ।

## परिच्छेद ४
## विभिन्न निकायको भूमिका

**७. मन्त्रालयको भूमिका:** सञ्जाल सम्बन्धमा मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः

(क) लैङ्गिक एवम् समावेशी शिक्षासम्बन्धी अन्तर मन्त्रालय समन्वय गर्ने गराउने,

(ख) सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक निर्देशन दिने तथा खर्चको व्यवस्थापन गर्ने,

(ग) सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(घ) लैङ्गिक एवम् समावेशी शिक्षासम्बन्धी विषय नीति, रणनीतिक, आवधिक योजना तथा कार्यक्रममा आबद्ध गर्ने गराउने,

(ङ) सञ्जाल तथा स्थानीय सञ्जालको कामको अनुगमन तथा सहजीकरण, अभिलेखीकरण गर्ने र प्राप्त प्रतिवेदनको विश्लेषण गरी केन्द्रमा पठाउने,

(च) केन्द्रबाट अनुरोध भई आएका समावेशी शिक्षा सम्बन्धी विषय कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(छ) सञ्जालले गरेका कार्यहरुको स्वामित्व लिने ।

८. **निर्देशनालयको भूमिकाः** सञ्जाल सम्बन्धमा शिक्षा विकास निर्देशनालयको भूमिका देहायबमोजिम हुनेछः

(क) प्रदेश सञ्जाल तथा स्थानीय तह सञ्जालको काममा सहजीकरण गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहको सञ्जाल सदस्यको क्षमता विकासमा सहयोग तथा सहजीकरण गर्ने,

(ग) स्थानीय तहमा सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक सहजिकरण गर्ने,

(घ) प्रदेश सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(ङ) प्रदेश तथा स्थानीय तहमा सञ्जाल सम्वन्धी गतिविधिहरु संचालन गर्ने तथा गराउने,

(च) विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गराउने ।

९. **शिक्षा तालिम केन्द्रको भूमिकाः** सञ्जाल सम्बन्धमा शिक्षा तालिम केन्द्रको भूमिका देहायबमोजिम हुनेछः

(क) प्रदेश तथा स्थानीय सञ्जालको काममा प्रभावकारीता ल्याउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ख) सञ्जाल सदस्यको क्षमता विकासका कार्यहरु गर्ने,

(ग) गुनासो सुनुवाइ व्यवस्था लागु गर्न विद्यालयका शिक्षकहरुको लागि तालिम सञ्चालन गर्ने,

(घ) तालिम केन्द्रबाट सञ्चालन हुने हरेक किसिमका तालिमहरुमा अन्तर सम्वन्धीत विषयको रुपमा गुनासो सुनुवाइ सयंन्त्र तथा समावेशी शिक्षा सम्वन्धी विषयवस्तु अनिवार्य रुपमा समावेश गर्ने ।

१०. **स्वास्थ निर्देशनालय भूमिकाः**

(क) विद्यालय तथा बालबालिकाको स्वास्थ, पोषण, सरसफाई सम्वन्धी नीति, योजना कार्यक्रमको नेतृत्व गर्ने,

(ख) विद्यालय नर्सको क्षमता विकास तथा अन्य प्रविधिक गतिविधिमा सहयोग गर्ने,

(ग) विद्यालयमा स्वास्थ, पोषण, सरसफाई लागु पदार्थ दुर्व्यसन सम्वन्धी सचेतनमूलक कार्यहरु संचालन गर्ने,

(घ) विद्यालयमा रहेका बालबालिकाहरुको कार्यगत सीमितता पहिचान गरी आवश्यक परामर्श वा सुरक्षित सम्प्रेषण गर्ने,

(ङ) स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धी कार्यक्रमहरु विद्यालय तहसम्म विस्तार गर्न बार्षिक योजना तथा बजेटमा कार्यक्रम प्रस्ताव गर्ने,

(च) सञ्जालका विषयमा अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

**११. इकाईको भूमिकाः** सञ्जाल सम्बन्धी जिल्लामा स्थित इकाईको भूमिका देहाय बमोजिम हुनेछः

(क) संघीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड २०८० र रणनीति २०८० तथा यस मापदण्डको कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण र उत्प्रेरित गर्ने,

(ख) विद्यालय र स्थानीय सञ्जालको कार्यहरुको सम्बन्धमा आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) विद्यालय र स्थानीय सञ्जालको कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने र गतिविधि सम्बन्धी प्रगति प्रतिवेदन सङ्कलन, समीक्षा गरि आवश्यक सुझाव उपलब्ध गराउने तथा सोको प्रदेशलाई जानकारी गराउने ।

**१२. स्थानीय तहको भूमिकाः** सञ्जाल सम्बन्धमा सम्बन्धित स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

(क) संघ तथा प्रदेश सरकारबाट जारी मापदण्ड वा कार्यविधि अनुकूल हुने गरी सबै बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि सञ्जाल गठन तथा सञ्चालन कार्यविधि निमार्ण गर्ने,

(ख) स्थानीय तहमा गठन भएका सञ्जालको कार्यजिम्मेवारी तोक्ने र सोअनुसारको कार्य गर्ने गराउने,

(ग) सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तकृत वर्ग लगायतको अर्थपूर्ण सहभागीताको सुनिश्चितता हुने व्यवस्था मिलाउने,

(घ) विद्यालयस्तरमा सञ्जाल गठनका लागि सहजीकरण र सहयोग गर्ने,

(ङ) सञ्जाल सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोतको व्यवस्था मिलाउने,

(च) स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षाका लागि सञ्जालको प्रावधान मिलाउने,

(छ) बालिका तथा समावेशी शिक्षासम्बन्धी सूचक विकास गरी अनुगमन एवम् निरीक्षण गर्ने गराउने,

(ज) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने,

(झ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एवम् लक्षित समूहको पहिचान गरी सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने र संख्या नाम नामेसी, विवरणको तथ्याङ्क यकिन र अद्यावधिक गर्ने गराउने,

(ञ) स्थानीय तहभित्र रहेका बालिका, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ट) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयलाइ विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(ठ) स्थानीय तह तथा विद्यालय स्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने,

डा. रानी कुमारी तिवारी
मन्त्री

नि. प्रदेश सचिव

(ङ) विद्यालयस्तरीय सञ्जालमा विद्यार्थीको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चितता गर्ने गराउने,

(ढ) लैङ्गिक तथा समावेशी शिक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ण) स्थानीय तहमा अपाङ्गता तथा लैङ्गिक उत्तरदायी नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्ने गराउने,

(त) स्थानिय स्तरमा हुने लैंङ्गिक हिंसा, बालविवाह, दाइजो प्रथा, जस्ता सामाजिक हानीकारक मूल्यमान्यता रोकथाम र प्रतिकार्यको लागि आवश्यक कार्य गर्ने ।

(थ) विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र शिक्षा सुनिश्चितता गराउन पहल गर्ने

(द) सञ्जाल सम्बन्धी गतीविधि अनुगमन अभिलेखीकरण तथा प्रतिवेदन तयार गरी इकाइ तथा प्रदेशमा पेश गर्ने ।

(ध) विद्यालयमा गुनासो सुनवाई संयन्त्रलाई प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्य गर्ने,

(न) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्ने,

(ध) विद्यालयमा र स्थानीय तहमा सन्जाल सम्बन्धी भएका गतिविधिहरु शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) प्रविष्ट गर्ने र प्रयोग गर्ने,

(न) स्थानीय तहले आवश्यक देखेका अन्य कार्य।

१३. **विद्यालयको भूमिकाः** सञ्जाल सम्बन्धमा भूमिका देहायबमोजिम हुनेछः

(क) स्थानीय तहले तोकेबमोजिम विद्यालय सेवा क्षेत्रभित्रका बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि विद्यालयस्तरीय सञ्जाल गठन तथा सञ्चालन गर्ने,

(ख) विद्यालयमा कार्यरत महिला शिक्षक कर्मचारी मध्येबाट लैङ्गिक सम्पर्क शिक्षक तोक्ने र काममा लगाउने,

(ग) विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रलाई क्रियाशील बनाउने र आएका गुनासो सम्बोधन र आवश्यकता अनुसार सिफारिस गरी स्थानीय तहमा पठाउने,

(घ) विद्यालय स्तरीय सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, सीमान्तकृत वर्ग लगायतको सहभागिताको सुनिश्चितता गर्ने,

(ङ) विद्यालय सुधार योजनामा लैङ्गिक तथा समावेशी शिक्षाका लागि सञ्जालको प्रावधान समावेश गर्ने,

(च) लैङ्गिक तथा समावेशी शिक्षा व्यवस्थापनका लागि स्थानीय सङ्घ संस्था, अभिभावक, युवा क्लब तथा नागरिक समाजसँग समन्वय सहकार्य र साझेदारी गर्ने,

(छ) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिसहरुको कार्यान्वयनको व्यवस्था मिलाउने,

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय नेपाल

मा. रानी कुमारी तिवारी मन्त्री

(ज) बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाको विद्यालय शिक्षामा नियमितताका लागि प्रेरित गर्ने,

(झ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एवम् लक्षित व्यक्ति पहिचान गरी सहयोग उपलब्ध गराउने,

(ञ) विद्यालयभित्र रहेका अपाङ्गता तथा सीमान्तीकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन व्यवस्था मिलाउने र स्थानीय तहसँग समन्वय गर्ने,

(ट) विद्यालयलाई हिंसामुक्त क्षेत्रको रूपमा विकास गरी सहज सिकाइ वातावरण निर्माण गर्ने,

(ठ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा सञ्जालसँग सहकार्य समन्वय गरी बालिका,अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई नियमित विद्यालयमा आउने वातावरण तयार गर्ने,

(ड) किशोर किशोरीमाथि हुन सक्ने दुर्व्यवहार हिंसा, शोषण, विभेदविरूद्ध सचेतना विकास गर्ने तथा बाल क्लब परिचालन गर्ने,

(ढ) सुझाव पेटिकाबाट प्राप्त भएका सुझाव तथा गुनासोहरुको विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने र आवश्यक सिफारिस गर्ने,

(ण) विद्यालयस्तरीय सञ्जालका सरोकारवालाको कार्यको अनुगमन सहजीकरण र क्षमता विकास गर्ने गराउने,

(त) विद्यालयस्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चित गर्ने गराउने,

(थ) लैङ्गिक तथा समावेशी शिक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने गराउने,

(द) विद्यालयमा हुने नियमित कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकालाई सहभागिताका लागि विशेष प्राथमिकता दिने,

(ध) सञ्जालको गठन गर्दा बालिका, अपाङ्गता र सीमान्तीकृत समुदायका बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने गराउने,

(न) स्थानीय तहले निर्देश गरेका सञ्जाल सम्बधी विषयको प्रभावकारी कार्यान्वयन गर्ने,

(न्) विद्यालयस्तरमा भएका गतिविधिहरु सञ्जालका सम्बन्धी गतिविधिहरु, प्रासिका तथा शिक्षा समन्वय इकाईमा सम्प्रेषण गर्ने

## परिच्छेद ५

## सञ्जालबीचको अन्तरसम्बन्ध

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

१४. **अन्तर सञ्जाल समन्वय** (१) बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्बन्धी केन्द्र, प्रदेश, स्थानीय तह तथा विद्यालयबीचमा अन्तर सञ्जाल सम्बन्ध कायम गरिनेछ।

(२) प्रदेश सञ्जालका निणर्यहरु स्थानीय तहका सञ्जालमा र स्थानीय तहको प्रगति, विवरण र उपलब्धी प्रदेश सञ्जालमा पठाउने व्यवस्था मिलाई एकीकृत अभिलेख रहने व्यवस्था मिलाइनेछ।

(३) प्रदेश सञ्जालका प्रगति, विवरण र उपलब्धी केन्द्रीय सञ्जालमा पठाउने व्यवस्था मिलाइनेछ।

(१५) **अन्तर सञ्जाल सम्बन्धका आधारः** (१) लैङ्गिक एवम् समावेशी शिक्षा सम्बन्धमा केन्द्रीय, प्रदेश तथा स्थानीय तहबीचमा हुने अन्तर सञ्जाल सम्बन्धका आधार सरोकारवालाको भूमिका, प्रहरी, स्वास्थ्य संस्था, विकास साझेदार, नागरिक समाज तथा विद्यालय तहमा बालबालिकालाई हिंसा तथा कानुनी व्यवस्थाका बारेमा बालबालिकामा चेतनाको अभिवृद्धि गर्नु हुनेछ।

(२) यौन हिंसा तथा शून्य सहनशीलता रहने हिंसा आदिमा उजुरी, गुनासो तथा जाहेरीमा तत्काल पीडितलाई सुरक्षा, संरक्षण तथा कानुनी उपचारमा प्रचलित कानुनबमोजिम सहयोग र सहजीकरण गरी समाजमा शान्ति तथा सुरक्षा कायम गरी सुरक्षित र संरक्षित वातावरण कायम गर्नु हुनेछ।

(३) यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा सचेतना जगाई विद्यालय तथा स्थानीय तहमा गठन हुने सञ्जालमा भाग लिने, सल्लाह सुझाव दिने र आवश्यक पैरवी गरी गराई शिक्षण सिकाईमा बालमैत्री कायम गर्नु हुनेछ।

## परिच्छेद ६
## विविध

(१६) विविध

(१) स्थानीय तहले अनुसूची (१) बमोजिमको ढाँचामा अर्धवार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश स्तरीय सञ्जालमा पठाउने व्यवस्था हुनेछ।

(२) प्रदेश सञ्जालले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन तयार गरी अनुसूची (२) बमोजिमको ढाँचामा केन्द्रमा पठाई एकीकृत विवरणको व्यवस्थापनलाई सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ।

(१७) **शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS)को उपयोग गर्न सक्नेः**

(१) यस मापदण्ड बमोजिम बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा सुधारका सम्बन्धमा सञ्जाल निर्माण गरी कार्य सम्पादन गर्दा शैक्षिक सूचना व्यवस्थापन प्रणाली **(EMIS)** को प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोगमा केन्द्रले सहजीकरण गर्नेछ।

१८. **समीक्षा गर्नु पर्नेः** (१) सञ्जालले बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा भएका कार्यक्रमको समीक्षा वार्षिक रुपमा गर्नु पर्नेछ।

मा. रानी कुमारी तिवारी
मन्त्री

प्रदेश सचिव

१९. **बाधा अड्काउ फुकाउ गर्न सकिनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **प्रचलित कानून बमोजिम हुनेः** यस मापदण्डमा उल्लेख भएका विषय प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १

**(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)**

स्थानीय तहले प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालमा अर्ध वार्षिक रूपमा पठाउने प्रतिवेदनको ढाँचा

स्थानीय तहः

| क.सं | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दस्तखतः

नामः

शिक्षा शाखा प्रमुखः

मितिः

नि. प्रदेश सचिव

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, नेपाल

मा. रानी कुमारी तिवारी
मन्त्री

## अनुसूचीः २

(दफा १६को उपदफा (२) सँग सम्बन्धित

### प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालले केन्द्रमा पठाउने वार्षिक प्रतिवेदनको ढाँचा

प्रदेशः

| क्र.सं | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दस्तखतः

प्रदेश सञ्जालको सदस्य सचिवः

मितिः

नि. प्रदेश सचिव